प्रस्तावित विपद् व्यवस्थापन ऐन, २०६६ र यसका विशेषता

> मुलुकको समग्र विकासमा सघाउ पुऱ्याउने विपद् जोखिम राष्ट्रिय रणनीतिको कार्यान्वयन गर्न र आम नागरिकको सुरक्षित बाँच्न पाउने अधिकारको संरक्षणको लागि विपद् व्यवस्थापन ऐन संसद्बाट यथाशीघ्र स्वीकृत हुनु जरूरी छ ।

- विपद् पूर्वतयारी, प्रतिकार्य र पुन:स्थापन तथा यससँग सम्बन्धित कार्यलाई व्यवस्थित गर्न सबै सरोकारवालाको प्रतिनिधित्व रहने व्यवस्थालाई संस्थागत गर्ने प्रयास प्रस्तावित ऐनले गरेको छ ।

- प्रकोपका घटनाबाट उत्पन्न विपद्को समयानुकूल व्यवस्थापन गरी मानिसको जीवन रक्षा गर्दै व्यक्तिगत तथा सार्वजनिक सम्पत्तिको सुरक्षाको प्रत्याभूति दिन मस्यौदा ऐनले प्राथमिकता प्रदान गरेको छ ।

- प्रस्तावित ऐनले दैवी प्रकोप (उद्धार) ऐन, २०३९ लाई प्रतिस्थापन गरी "विपद् व्यवस्थापन ऐन, २०६६" को परिकल्पना गरेको छ । प्रस्तावित ऐनका मुख्य विशेषता देहाय बमोजिम छन् :

क) यस ऐनले विपद्लाई प्राकृतिक विपद् र गैरप्राकृतिक विपद् (Natural and Human induced disaster) को रूपमा व्याख्या गरेर यसको परिभाषालाई समयसापेक्ष र सर्वमान्य बनाउने प्रयास गरेको छ ।

ख) प्रस्तावित ऐनमा प्रधानमन्त्रीको अध्यक्षतामा राष्ट्रिय विपद् व्यवस्थापन परिषद् (National Council for Disaster Management-NCDM) को व्यवस्था गरेको छ । साथै परिषद्को गठन/काम, कर्तव्य र अधिकार स्पष्ट रूपमा उल्लेख भएको छ ।

ग) राष्ट्रिय विपद् व्यवस्थापन परिषद्को मातहतमा रणनीतिहरूको कार्यान्वयन, सहजीकरण, समन्वय तथा अनुगमन गर्ने केन्द्रीय निकाय (National Focal Point) को रूपमा राष्ट्रिय विपद् व्यवस्थापन प्राधिकरण (National Disasster Management Authority- NDMA) स्थापना गर्ने र यो परिषद्को सचिवालय समेत रहने व्यवस्था छ ।

Photo: ECO Nepal

प्रस्तावित ऐनले दैवी प्रकोप (उद्धार) ऐन, २०३९ लाई प्रतिस्थापन गरी "विपद् व्यवस्थापन ऐन, २०६६" को परिकल्पना गरेको छ ।

घ) यस्तै नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बललगायतका सुरक्षा निकाय, सङ्घसंस्था, कलकारखाना तथा निजी क्षेत्रको समेत काम-कर्तव्य र अधिकार स्पष्ट रूपमा उल्लेख गरिएको छ ।

ङ) सबै प्रकारका विपद्को सम्भाव्य क्षेत्रको प्रकोप नक्सा (Hazard Map) तयार गर्ने व्यवस्था समेत रहेको छ ।

च) विपद् व्यवस्थापनका तीनवटा चरण (पूर्वतयारी, प्रतिकार्य र पुनःस्थापन) मा गरिने प्रमुख कार्यहरू स्पष्ट रूपमा तोकिएको छ ।

छ) प्रस्तावित ऐनले विपद्का तीनवटै चरणमा गरिने कार्यहरूको कार्यान्वयनका लागि केन्द्रीय स्तरमा स्थानीय विकास मन्त्रीको संयोजकत्वमा पूर्वतयारी व्यवस्थापन समिति, गृहमन्त्रीको संयोजकत्वमा उद्धार तथा राहत व्यवस्थापन समिति र भौतिक योजना तथा निर्माण मन्त्रीको संयोजकत्वमा पुनःस्थापना तथा पुनर्निर्माण समिति गठन हुने व्यवस्था गरेको छ । त्यस्तै जिल्ला र स्थानीय तहसम्म पनि यस्ता समितिहरूको गठन हुने व्यवस्था गरेको छ ।

मस्यौदाको रूपमा तयार भएको विपद् व्यवस्थापन ऐन झण्डै ३ वर्षको अवधि वितिसक्दा पनि संसद्समक्ष पेश भएर स्वीकृत हुन नसक्नु सम्पूर्ण नेपालीका लागि दुर्भाग्यपूर्ण नै मान्नु पर्छ । विपद्का प्रत्येक पक्षलाई सम्बोधन गर्ने ऐनको अभावमा सरकार जनताको जीउधन तथा व्यक्तिगत एवं सार्वजनिक सम्पत्तिको सुरक्षा गर्ने दायित्व पूरा गर्नबाट टाढा भएको छ भने जनताले मर्यादापूर्वक जोखिममुक्त वातावरणमा बाँच्न पाउने अधिकारको उपभोग गर्न पाएका छैनन् ।

मुलुकको समग्र विकासमा सघाउ पुऱ्याउने विपद् जोखिम राष्ट्रिय रणनीतिको कार्यान्वयन गर्न र आम नागरिकको सुरक्षित बाँच्न पाउने अधिकारको संरक्षणको लागि विपद् व्यवस्थापन ऐन संसद्बाट यथाशीघ्र स्वीकृत हुनु जरुरी छ ।


Photo: UNDP-BPCR

मस्यौदाको रूपमा तयार भएको विपद् व्यवस्थापन ऐन झण्डै ३ वर्षको अवधि वितिसक्दा पनि संसद्समक्ष पेश भएर स्वीकृत हुन नसक्नु सम्पूर्ण नेपालीका लागि दुर्भाग्यपूर्ण नै मान्नु पर्छ ।